# गोलबजारनगरपालिका
# नगरकार्यपालिकाको कार्यालय


गोलबजार, सिरहा

मधेश प्रदेश, नेपाल

www.golbazarmun.gov.np

golbazarmun@gmail.com

033-540099


प. सं. : २०७८/७९

च. न. :

## एम्बुलेन्सखरिद सम्वन्धि बोलपत्र आह्वानको सूचना

**प्रथम् पटक प्रकाशित मिति: २०७८/११/२५**

**सूचना नं. १०/२०७८/७९**

यस गोलबजार नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार एम्बुलेन्स खरिद गर्नुपर्ने भएकोले सो सम्वन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. बोलपत्र सम्वन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व रकम (पछि फिर्ता नहुने गरी) बुझाई चालु.आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र र आधिकारिक प्रतिनिधिको हस्ताक्षर सहितको निवेदन संलग्न राखी राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन १२ बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. बोलपत्र फारम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदापछिको कार्यालय खुलेको दिन सोहि समय भित्र खरिद तथा दाखिला गर्नुपर्नेछ ।

४. दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:००बजे बोलपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । समयमा फर्म वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन् ।

५. बोलपत्र साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ.व.२०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र कालो सूचिमा नपरेको स्वयं घोषणापत्र पेश गर्नुपर्नेछ ।

६. तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री ग्लोबल आई.एम.ई. बैंक लिमिटेड, गोलबजारको धरौटी खाता नं ५५०४०१००००१६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ग्यारेन्टी Bid Bond संलग्न हुनु पर्ने छ । प्रस्तावकको Bid validity बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनको हुनुपर्नेछ।

७. कबोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. बोलपत्र दातालाई दररेट भर्नु अघि सम्वन्धित आपूर्तिकर्तालाई सम्पुर्ण अवस्था बुझ्न सुझाव दिइन्छ । उल्लेखित दररेट सबै परिस्थिति बुझि कबोल गरेको मानिनेछ ।

९. बोलपत्र स्वीकृत भए पश्चात नियमानुसारको कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१०. रीत नपुगी वा म्याद नाघी र कुनै शर्त राखि पेश हुन आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. बोलपत्र पेश गर्दा खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं. र कामको विवरण स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१२. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

१३. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

१४. बोलपत्र फाराममा उल्लेख भए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ साथै यो सुचना गोलबजार नगरपालिकाको बेभसाइटwww.golbazarmun.gov.npबाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

| क्र.सं. | बोलपत्र नं. | विवरण | लई.रकम रु. | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | १०/२०७८-७९ | एम्बुलेन्स खरिद | २२०००००।-(बाईस लाख रुपैयाँ) | ३०००।-(एक हजार) | ६००००।-(साठी हजार) |

प्रमुख प्रशासकीय अधिकृत